## औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदा उपर नेपाल उद्योग वाणिज्य महासंघको सुझावहरु

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | **परिच्छेद ३ उद्योग दर्ता तथा प्रबन्ध सम्बन्धी व्यवस्था दफा ३(५)** | **दफा ३: उद्योग दर्ता**<br>(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि स्थीर पूँजीमा एकाउन्न प्रतिशत वा सो भन्दा बढीप्रदेश सरकार वा स्थानीय तहबाट लगानी हुने पूर्वाधार उद्योगको हकमा सम्वन्धित प्रदेश सरकारले दर्ता तथा नियमन सम्वन्धी कार्य गर्न सक्नेछ । | यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि स्थीर पूँजीमा एकाउन्न प्रतिशत वा सो भन्दा बढीप्रदेश सरकार वा स्थानीय तहबाट लगानी हुने पूर्वाधार उद्योगको हकमा सम्वन्धित प्रदेश सरकारले दर्ता तथा नियमन सम्वन्धी कार्य गर्न सक्नेछ । | **ठूला उद्योग मध्ये प्रदेश वा स्थानीय तहको बहुमत लगानी रहने पूर्वाधार उद्योग बाहेकका अन्य उद्योगको उद्योगको दर्ता तथा नियमन सम्बन्धी काम कारवाही संघीय सरकार मातहत राख्न उपयुक्त हुने भएकाले ।** |
| | **दफा ३(७)** | (७) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थान भन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा उद्योगको इकाई (युनिट)को रुपमा स्थापना तथा संचालन गर्न सक्नेछ ।<br>तर, कुनै उद्योगले शाखा उद्योग स्थापना गर्न पाउने छैन । | (७) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थान भन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा उद्योगको इकाई (युनिट)को रुपमा स्थापना तथा संचालन गर्न सक्नेछ ।<br>~~तर, कुनै उद्योगले शाखा उद्योग स्थापना गर्न पाउने छैन ।~~ | **उद्योगले शाखा उद्योग स्थापना गर्नबाट रोकिनु पर्ने कुनै औचित्यता नै नदेखिएकाले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| २. | **दफा ४ (४)** | **दफा ४. उद्योग दर्ता गर्न निवेदन दिनु पर्ने :**<br>(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी सम्बन्धित निवेदकलाई थप विवरण वा कागजात नब्बे दिनभित्र पेश गर्न लगाउन सक्नेछ।<br>(५) माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र त्यसरी अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको सात कार्य दिनभित्र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ। | दफा ४(४) हटाउने<br><br>(५) तोकिए बमोजिमका~~माग गरेको~~ विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र त्यसरी अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको सात कार्य दिनभित्र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ। | दर्ता प्रकृयामा पारदर्शीता र सुशासन कायम राखी उद्योग दर्ता छिटो छरितो बनाउन उद्योग दर्ता गर्न आवश्यक पर्ने विवरण तथा कागजात स्पष्ट रुपमा कानूनमा नै व्यवस्था हुनु पर्ने। |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ३. | दफा १२(१) | **१ विवरण उपलब्ध गराउनु पर्ने :**(१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ । | ~~**१ विवरण उपलब्ध गराउनु पर्ने :**(१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।~~<br>~~(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।~~ | विवरण बुझाउने कार्य झण्झटिलो र यसले उद्योगको व्यवसाय लागत बढाउने भएकोले र साना तथा मझौला उद्योगी व्यवसायीहरुका लागि यो व्यबस्था सहज नभएको हुंदा खारेज गर्नु पर्ने । |
| ४. | दफा १४ | **दफा १४. उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने ।**<br>(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ । | (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको ~~र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने~~ देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ । | उद्योग दर्ता गर्ने निकायलाई उद्योगको दर्ता खारेजी सम्बन्धमा निर्णय गर्ने स्वविवेकीय अधिकार दिंदा उद्योगको दर्ता खारेजीको काम कारवाही अवरुद्ध हुने भएकाले । |

| क.सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ५. | दफा १५ (१)(क) | **उद्योगको वर्गीकरण**<br>(क) **लघु** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-<br>(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र | **उद्योगको वर्गीकरण**<br>(क) **लघु** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-<br>(४) वार्षिक कारोबार ~~पचास लाख~~एक करोडरुपैयाँ भन्दा कम रहेको, र | एक करोड सम्मको वार्षिक कारोवार गर्ने उद्योगलाई लघु उद्यम मानिनु आवश्यक देखिएकोले । |
| | | (५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको । | ~~(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।~~ | **उर्जा, इन्धनको खपतको आधारमा उद्योग वर्गीकरण गरिनु उपयुक्त नदेखिएकोले ।** |
| | दफा १५ (१)(ख) | (ख) **घरेलु उद्योग**: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-<br>(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र | (ख) **घरेलु उद्योग**: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-<br>~~(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र~~ | **उर्जा, इन्धनको खपतको आधारमा उद्योग वर्गीकरण गरिनु उपयुक्त नदेखिएकोले ।** |

| क्र. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ६. | **परिच्छेद ५**<br>**दफा २२** | **उद्योगलाई प्रदान गरिने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था**<br>२२. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत**:<br>(१ यस ऐन अन्तगत दर्ता भएको उद्योगलाई देहाय बमोजिमको आयकर छुट, सुविधा वा सहुलियत प्रदान गरिनेछ : | **उद्योगलाई प्रदान गरिने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था**<br>२२.**आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत**:<br>(१) आयकर सम्बन्धी कानुन एवं अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन अन्तगत दर्ता भएको उद्योगलाई देहाय बमोजिमको आयकर छुट, सुविधा वा सहुलियत प्रदान गरिनेछ : | आयकर छुट सम्बन्धी व्यवस्था औद्योगिक व्यवसाय ऐनबाट नै प्रदान गरिनु बाञ्छनीय भएकाले । |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | | (ज)<br>दुई अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र तीन सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उत्पादनमूलक वा सेवामूलक उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुटहुनेछ ।<br>तर हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता बृद्धि गरी दुई अर्ब पूँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ । | (ज) एक ~~दुई~~अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र तीन सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उत्पादनमूलक वा सेवामूलक उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुटहुनेछ ।<br>तर हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता बृद्धि गरी एक ~~दुई~~ अर्ब पूँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ । | **एक अर्व माथिका ठूला उद्योगलाई आयकर सुविधा उपलब्ध गराउन उचित हुने देखिएकोले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | | (ण) कुनै उत्पादनमूलक उद्योगले आफ्ना कुल जनशक्ति मध्ये कम्तिमा दश प्रतिशत प्रशिक्षार्थी कामदार राखेमा त्यस्तो कामदारलाई प्रशिक्षण दिदा लाग्ने निर्वाह खर्च बाहेकको प्रशिक्षण खर्च र उद्योगमा कार्यरत जनशक्तिको उत्पादन क्षमता विकासमा भएको खर्चको पचास प्रतिशत रकम आयकर गणना प्रयोजनको लागि कट्टी गर्न पाउनेछ । | (ण) कुनै उत्पादनमूलक उद्योगले आफ्ना कुल जनशक्ति मध्ये कम्तिमा दश प्रतिशत प्रशिक्षार्थी कामदार राखेमा त्यस्तो कामदारलाई प्रशिक्षण दिदा लाग्ने निर्वाह खर्च ~~बाहेक~~समेतको प्रशिक्षण खर्च र उद्योगमा कार्यरत जनशक्तिको उत्पादन क्षमता विकासमा भएको खर्चको ~~पचास~~शतप्रतिशत रकम आयकर गणना प्रयोजनको लागि कट्टी गर्न पाउनेछ । | **कामदारको निमित्त हुने प्रशिक्षण तथा क्षमता विकास खर्च प्रत्यक्षरुपमा उद्योगको आयआर्जनसंग सम्बन्धित भएकोले त्यस्तो खर्च कट्टी पाउनु पर्ने ।** |
| | | (ध) उद्योगले व्यवसायसँग सम्बन्धित बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापनको लागि भएको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न सक्नेछ। | (ध) उद्योगले व्यवसायसँग सम्बन्धित बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापनको लागि भएको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न पाउनेछ ~~सक्नेछ~~। | **भाषा स्पष्ट गर्न आवश्यक भएकोले ।** |
| | | म) कुनै उद्योगले कर छुट पाउने संस्थालाई चन्दा वा उपहार दिएको रकममध्ये एकलाख(रुपैयाँ वा सो उद्योगको सो आय वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ, सो रकम आयकर प्रयोजनको लागि घटाउन पाउनेछ | (म) कुनै उद्योगले कर छुट पाउने संस्थालाई चन्दा वा उपहार दिएको रकममध्ये ~~एकलाख~~(दश लाख)रुपैयाँ वा सो उद्योगको सो आय वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ, सो रकम आयकर प्रयोजनको लागि घटाउन पाउनेछ | **व्यवहारिक दृष्टिकोणबाट चन्दा रकम १० लाख सम्म छुट दिन आवश्यक देखिएकाले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ७. | दफा २३ | **२३.मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियत** :<br>यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई देहाय बमोजिमको मूल्य अभिवृद्धि कर र भन्सार महसुल छुट दिइनेछ :- | **२३मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियत** :मुअकर भन्सार महसुल सम्बन्धी कानुन एवं अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनियस ऐन बमोजिम दर्ता भएको उद्योगलाई देहाय बमोजिमको मूल्य अभिवृद्धि कर र भन्सार महसुल छुट दिइनेछ :- | मु.अ.कर तथा भन्सार महशुल छुट सम्बन्धी व्यवस्था औद्योगिक व्यवसाय ऐनबाट नै प्रदान गरिनु बाञ्छनीय भएकाले । |
| | | (ख) बण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरुले निर्यात गरेको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको समदर निर्धारण गरी ड्युटी ड्र ब्याकको रकम फिर्ता गरिनेछ | (ख) उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरीयल्स आदिमा तिरेको भन्सार, मू.अ.कर तथा, अन्त:शूल्क निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइनुपर्ने । त्यसरी फिर्ता हूने राजस्व फिर्ता पाउन रितपुर्वक दरखास्त दिएको ६० दिनभित्र निकासीकर्तालाई फिर्ता दिइनुपर्ने ।<br>तर यस्तो रकम फिर्ता पाउन निकासी गरेको एक वर्षभित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन । | समदर निर्धारण गर्ने अधिकार नेपाल सरकारको भएको तर त्यस्तो समदर निर्धारण गर्ने आधार अस्पष्ट भएको र यसले समदर निर्धारणमा अन्यौलता आई कार्यान्वयमा समस्या हुंने हुंदा निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइनुपर्ने । |

| क्र. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ८ | दफा ३२ | ३२ **प्रोत्साहन, छुट,सुविधा वा सहुलियत उपलब्ध गराउने प्रकृयाः**उद्योगहरुलाई उपलब्ध गराइने प्रोत्साहन, छुट,सुविधा वा सहुलियत सम्वन्धी प्रकृया, कार्यविधि तथा अन्य कुराहरुलाई व्यवस्थित गर्न मन्त्रालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाइ लागू गर्न सक्नेछ । | **३२प्रोत्साहन, छुट,सुविधा वा सहुलियत उपलब्ध गराउने प्रकृयाः**उद्योगहरुलाई उपलब्ध गराइने प्रोत्साहन, छुट,सुविधा वा सहुलियत सम्वन्धी प्रकृया, कार्यविधि तथा अन्य कुराहरुलाई व्यवस्थित गर्न मन्त्रालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाइयो ऐन जारी भएको मितिले ६ महिना भित्र लागू~~लागू गर्न सक्नेछ~~गरिनेछ । | ऐनले उपलब्ध गराएको छुट , सुविधाको कार्यान्वयनको लागि कार्यविधि एवं निर्देशिका अतिआवश्यक भएकाले । |

| क्र. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ९. | **परिच्छेद ८ सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था दफा ४३** | **४३उद्योग दर्ता नगराई उद्योग संचालन गरेमा हुने सजाय:**<br>(२) उपदफा (१) वमोजिमको अवधिभित्र उद्योग दर्ताको लागि निवेदन दिने उद्योगको हकमा अनुसूची-१ वमोजिमका उद्योगदेखि बाहेक अन्य उद्योगको हकमा दफा ६ वमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी प्रावधान पालना गर्नुपर्ने उद्योगको हकमा सो समेत गराइ देहाय वमोजिमको विलम्व शुल्क लिइ उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरिदिन सक्नेछः<br>(क) रु बीस लाखसम्म स्थीर पूँजी भएका उद्योगको हकमा रु पाँच हजार,<br>(ख) रु बीस लाखभन्दा बढी एक करोड रुपैयाँसम्म स्थीर पूँजी भएका उद्योगको हकमा रु पच्चीस हजार,<br>(ग) रु एक करोडभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थीर पूँजी भएका उद्योगको हकमा रु पचास हजार,<br>(घ) रु पच्चीस करोडभन्दा बढी एक अर्ब रुपैयाँसम्म स्थीर पूँजी भएका उद्योगको हकमा रु एक लाख,<br>(ङ) रु एक अर्ब रुपैयाँभन्दा बढी स्थीर पूँजी भएका उद्योगको हकमा रु पाँच लाख ।<br>(च) दफा ७ वमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता नगराई सञ्चालन गरेकोमा स्थिर पुँजीको आधारमा जति विलम्व शुल्क लाग्ने हो त्यसमा शतप्रतिशत थप शुल्क लाग्नेछ । | (२) उपदफा (१) वमोजिमको अवधिभित्र उद्योग दर्ताको लागि निवेदन दिने उद्योगको हकमा अनुसूची-१ वमोजिमका उद्योगदेखि बाहेक अन्य उद्योगको हकमा दफा ६ वमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी प्रावधान पालना गर्नुपर्ने उद्योगको हकमा सो समेत गराइ देहाय वमोजिमको विलम्व शुल्क लिइ उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरिदिन सक्नेछः<br>(क) **लघु तथा घरेलु** उद्योगको हकमा रु पाँच हजार,<br>(ख) **साना** उद्योगको हकमा रु पच्चीस हजार,<br>(ग) **मझौला** उद्योगको हकमा रु पचास हजार,<br>(घ) **ठुला** उद्योगको हकमा रु एक लाख,<br>(च) दफा ७ वमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता नगराई सञ्चालन गरेकोमा स्थिर पुँजीको आधारमा जति विलम्व शुल्क लाग्ने हो त्यसमा शतप्रतिशत थप शुल्क लाग्नेछ । | **उद्योगको वर्गीकरण अनुसार नै बिलम्ब शुल्क लगाउनु उचित हुने भएकाले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| . | दफा ४४ | **४४उद्देश्य विपरीत कार्य गरेमा हुने सजाय:**<br>(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्देश्यवमोजिम उद्योग सञ्चालन नगर्ने व्यक्ति, फर्म वा कम्पनीलाई उद्योग दर्ता गर्ने निकायले देहायको कारबाही गर्न सक्नेछ :-<br>(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्योगको हकमा रु दुई हजार र घरेलु तथा साना उद्योगको हकमा रु दश हजारदेखि रु एक लाख रुपैयाँसम्म<br>(ग) उद्योगको स्तर यकिन गरी सोको आधारमा मझौला तथा ठूला उद्योगको स्तर भए रु एक लाखदेखि रु पच्चीस लाख रुपैयाँसम्मजरिबाना गर्ने । | **४४उद्देश्य विपरीत कार्य गरेमा हुने सजाय:**<br>(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्देश्यवमोजिम उद्योग सञ्चालन नगर्ने व्यक्ति, फर्म वा कम्पनीलाई उद्योग दर्ता गर्ने निकायले देहायको कारबाही गर्न सक्नेछ :-<br>(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्योगको हकमा रु दुई हजार र घरेलु तथा साना उद्योगको हकमा रु दश हजार~~देखि रु एक लाख~~ रुपैयाँ~~सम्म~~,<br>(ग) उद्योगको स्तर यकिन गरी सोको आधारमा मझौला तथा ठूला उद्योगको स्तर भए रु एक लाख~~देखि रु पच्चीस लाख~~ रुपैयाँ~~सम्म~~जरिबाना गर्ने । | **सुशासनको निमित्त सजायको रकम निश्चितरुपमा तोकिनु वाञ्छनीय देखिएकोले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | **दफा ४५** | **४५ वातावरणीय प्रभाव मुल्याङ्कन सम्वन्धी प्रावधान उल्लङ्घन गरेमा हुने सजाय:**<br>(ख) त्यस्तो उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण स्वीकृत भए पछी लघु, घरेलु तथा साना उद्योगको हकमा रू. पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्म र मझौला र ठुला उद्योगको हकमा रू. दुई लाखदेखि दशलाख रूपैयासम्मजरिवाना गरी उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गर्न स्वीकृति दिने । | **४५ वातावरणीय प्रभाव मुल्याङ्कन सम्वन्धी प्रावधान उल्लङ्घन गरेमा हुने सजाय:**<br>(ख) त्यस्तो उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण स्वीकृत भए पछी लघु, घरेलु तथा साना उद्योगको हकमा रू. पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्म र मझौला र ठुला उद्योगको हकमा रू. एक दुई लाखदेखि दशलाख रूपैयासम्मजरिवाना गरी उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गर्न स्वीकृति दिने । | **सुशासनको निमित्त सजायको रकम निश्चितरुपमा तोकिनु वाञ्छनीय देखिएकोले ।** |
| | | (४)–यस दफा वमोजिम गरिएको कुनै सजायले वातावरण सम्वन्धी प्रचलित कानुन वमोजिम सजाय गर्न वाधा पुर्याएको मानिने छैन + | **हटाउनु पर्ने** | **एकै कसुरमा दुई ऐनको प्रयोग गरी सजाय गर्न उचित एवं न्यायसंगत नहुने भएकोले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | दफा ४७. | **४७.स्वीकृति नलिई उद्योग स्थानान्तरण वा पूँजी वृद्धि वा क्षमता वृद्धि गरेमा हुने सजाय :**<br>(ख) त्यस्तो उद्योगको उद्योग दर्ता गर्ने निकायबाट उद्योग स्थानान्तरण वा पूँजी वृद्धि वा क्षमता वृद्धि स्वीकृत भएमा लघु, घरेलु तथा साना उद्योगको हकमा रू. पच्चीस हजार देखि पचासरूपैयाँसम्म र मझौला र ठुला उद्योगको हकमा रू. एकलाखदेखिपाँचलाखरूपैयासम्मजरिवाना गर्नसकिनेछ ।, | **४७.स्वीकृति नलिई उद्योग स्थानान्तरण वा पूँजी वृद्धि वा क्षमता वृद्धि गरेमा हुने सजाय :**<br>(ख) त्यस्तो उद्योगको उद्योग दर्ता गर्ने निकायबाट उद्योग स्थानान्तरण वा पूँजी वृद्धि वा क्षमता वृद्धि स्वीकृत भएमा लघु, घरेलु तथा साना उद्योगको हकमा रू. पच्चीस हजार ~~देखिपचास~~रूपैयाँ~~सम्म~~ र मझौला र ठुला उद्योगको हकमा रू. पचास हजार ~~एकलाखदेखिपाँचलाख~~रूपैया~~सम्म~~जरिवाना गर्नसकिनेछ ।, | सुशासनको निमित्त सजायको रकम निश्चितरुपमा तोकिनु वाञ्छनीय देखिएकोले |

| क्र. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | दफा ४८ | **४८ विवरण उपलब्ध नगराएमा हुने सजायः**<br>(क) लघु उद्योगलाई रु पाँच हजार रुपैयाँका दरले,<br>(ख) घरेलु तथा साना उद्योगलाई रु दश हजार रुपैयाँका दरले,<br>(ख) मझौला उद्योगलाई रु बीसहजार रुपैयाँको दरले,<br>(ख) ठूला उद्योगलाई रु पचास हजार रुपैयाँको दरले ।<br>उल्लेखित जरिवानाका अतिरिक्त तोकिएको अविधभित्र विवरण नबुझाउने उद्योगलाई त्यस्तो अवधि नाघेको मितिबाट प्रत्येक आर्थिक वर्षको लागि शुरु जरिवानामा शतप्रतिशत थप हुँदै जानेछ । | ~~**४८ विवरण उपलब्ध नगराएमा हुने सजायः**~~<br>~~(क) लघु उद्योगलाई रु पाँच हजार रुपैयाँका दरले,~~<br>~~(ख) घरेलु तथा साना उद्योगलाई रु दश हजार रुपैयाँका दरले,~~<br>~~(ख) मझौला उद्योगलाई रु बीसहजार रुपैयाँको दरले,~~<br>~~(ख) ठूला उद्योगलाई रु पचास हजार रुपैयाँको दरले ।~~<br>~~उल्लेखित जरिवानाका अतिरिक्त तोकिएको अविधभित्र विवरण नबुझाउने उद्योगलाई त्यस्तो अवधि नाघेको मितिबाट प्रत्येक आर्थिक वर्षको लागि शुरु जरिवानामा शतप्रतिशत थप हुँदै जानेछ ।~~<br>~~**तर कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण पेश गर्ने उद्योगको हकमा यो व्यवस्था लागु हुने छैन ।**~~ | विवरण पेश गर्न अनुपयुक्त भनि सुझाव दिइएकोले |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | दफा ५० | **५०व्यावसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा हुने सजायः**(१) दफा ५९ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको वार्षिक खुदमुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिबाना गर्नेछ ।<br><br>(३) दफा ५७ वमोजिम व्यावसायिक सामाजिक जिम्मेवारीतोकिएको समयभित्र आगामी वर्षको योजना तथा कार्यक्रम र गत वर्षको प्रगति विवरण पेश नगरेमा प्रति वर्ष रु पचासहजार जरिवाना लाग्नेछ । | **५०व्यावसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा हुने सजायः**(१) दफा ५९ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको वार्षिक~~खुदमुनाफा~~व्यवसायिक सामाजिक कोषमा जाने रकमको शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिबाना गर्नेछ ।<br>(३) दफा ५७ वमोजिम व्यावसायिक सामाजिक जिम्मेवारीतोकिएको समयभित्र आगामी वर्षको योजना तथा कार्यक्रम र गत वर्षको प्रगति विवरण पेश नगरेमा प्रति वर्ष रुपांच~~पचास~~हजार जरिवाना लाग्नेछ । | जरिवानाको रुपमा व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत खर्च गरिने रकम राज्यले लिनु अनुचित भएकाले । साथै जरिवाना रकम अत्याधिक बढी भएकाले । |
| १० | दफा ५६(६) | **५६ औद्योगिक जनशक्ति :**<br>(6) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन्। तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन । | **५६ औद्योगिक जनशक्ति :**<br>(6)प्रचलित श्रम सम्बन्धी कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन्। तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन । | बन्द हडताल निषेध सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन । |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| ११. | दफा ५८ | **५८ औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष :**<br>(१) नेपाल सरकारले मुलुकको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी क्षेत्र समेतको सहभागितामा एक औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको कोष अन्तर्गत देहायका कुनै, केही वा सबै क्रियाकलापहरु गर्न सकिनेछः<br>(क) लघु, घरेलु तथा साना उद्यम विकास,<br>(ख) जोखिम पूँजी (भेन्चर क्यापिटल)<br>(ग) प्रविधि विकास,<br>(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन,<br>(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,<br>(च) महिला उद्यमशीलता विकास । | 1. (१) नेपाल सरकारले मुलुकको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी क्षेत्र समेतको सहभागितामा एक औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको कोष अन्तर्गत देहायका कुनै, केही वा सबै क्रियाकलापहरु गर्न सकिनेछः<br>(क) लघु, घरेलु तथा साना उद्यम विकास,<br>(ख) जोखिम पूँजी (भेन्चर क्यापिटल)<br>(ग) प्रविधि विकास,<br>(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन,<br>(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,<br>(च) महिला उद्यमशीलता विकास ।<br>(छ) मानव संशाधन विकास | कोषको रकम मानव संशाधन विकासमा समेत खर्च गर्न आवश्यक देखिएकोले । |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| | | (६) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन र ब्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछः-<br>(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- संयोजक<br>(ख) सहसचिव, अर्थ मन्त्रालय- सदस्य<br>(ग) महानिर्देशक, उद्योग विभाग - सदस्य<br>सदस्य<br>(घ) निर्देशक (सम्वन्धित विषय हेर्ने), नेपाल राष्ट्र बैंक - सदस्य<br>(ङ) उद्योग ब्यवसायसँगसम्बन्धित निजी क्षेत्रका छातासंगठनका दुईजना - सदस्य<br>(च) सह सचिव, औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा,<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्यसचिव | (६) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन र ब्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछः-<br>(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय संयोजक<br>(ख) सहसचिव, अर्थ मन्त्रालय सदस्य<br>(घ) निर्देशक (सम्वन्धित विषय हेर्ने), नेपाल राष्ट्र बैंक -सदस्य<br>(ङ) नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघ~~ब्यवसायसँगसम्बन्धित निजीक्षेत्रकाछातासंगठनका~~का अध्यक्षदुईजना - सदस्य<br>(च) सह सचिव, औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सदस्य ~~सचिव~~<br>(ग) महानिर्देशक, उद्योग विभाग सदस्यसचिव | निजी क्षेत्रको छाता संगठनको किटानी व्यवस्था गर्न आवश्यक देखिएकोले । |

| क्र. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १२ | दफा ५९ | ५९**व्यावसायिक सामाजिक जिम्मेवारी सम्वन्धी व्यवस्था**: (१) यस ऐन बमोजिम दर्ता भएका उद्योग वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्टाइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ । | **५९व्यावसायिक सामाजिक जिम्मेवारी सम्वन्धी व्यवस्था**:(१) यस ऐन बमोजिम दर्ता भएका मझौला तथा ठुला उद्योग वा वार्षिक पन्ध्र करोड भन्दा बढी कारोबार हुने उद्योगल वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्टाइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ । | **सवै प्रकारका उद्योगलाई CSR अनिवार्य गरिनु अनुपयुक्त र अव्यवहारिक भएकाले ।** |
| | | (३) उपदफा (१) वमोजिम व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्टयाएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाउने छ । | (३) प्रचलित आयकर सम्बन्धी कानुनमा जुनसुकै कुरा उल्लेख भए तापनिउपदफा (१) वमोजिम व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्टयाएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाउने छ । | **CSR खर्च कट्टी व्यवस्थालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकाले ।** |

| क. सं | दफा /उपदफा परिच्छेद/ अनुसूची | औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदामा रहेका व्यवस्था | संशोधन खारेज गरिनु पर्ने महासंघको सुझाव | संशोधन तथा खारेज गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १३. | अनुसूचि ५ | **अनुसूचि ५**<br><br>**निर्माण उदयोग**<br>१.....<br>२.... | **अनुसूचि ५**<br><br>**निर्माण उदयोग**<br>१.....<br>२....<br>1. १९. निजी वेयर हाउस ।<br>2. | निर्माण उद्योग संग सम्बन्धित भएकाले । |
| १४ | अनुसूचि ८ | **अनुसूची-८**<br>**सेवामूलक उद्योग**<br><br>१......<br>२...... | **अनुसूची-८**<br>**सेवामूलक उद्योग**<br>१......<br>२...<br>४२.पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,<br>५५भन्सार एजेण्ट । | पानी प्रशोधन तथा भन्सार एजेण्ट सम्बन्धी सेवा पनि सेवामूलक उद्योग अन्तर्गत पर्ने भएकाले । |
| १५ | अनुसूचि ९ | **अनुसूची-९**<br>(दफा १७ सँग सम्बन्धित)<br>**राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग** | **अनुसूची-९**<br>(दफा १७ सँग सम्बन्धित)<br>**राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग**<br>८. दूध तथा दुग्ध पदार्थ, ~~धूलोदूध~~,रबरखेती, रबरको प्रारम्भिक प्रशोधन रसञ्चालन, औषधिउत्पादन,प्रशोधित पिउने पानी।<br>१०. चलचित्र निर्माण, उत्पादन उद्योग । | उद्योगको आवश्यकता महत्व तथा प्रकृतिको आधारमा यी उद्योगहरुलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग अन्तर्गत राखिनु पर्ने । |